नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..............................................शाखा)

प.सं. :

च.नं. :

## प्रेस विज्ञप्ति

सिंहदरबार, काठमाण्डौं

आज मिति २०८०।११।२३ गते नवनियुक्त माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री पदम गिरीज्यूले मन्त्रालयमा पदभार ग्रहण गर्नु भयो। पदभार ग्रहणको क्रममा माननीय मन्त्रीज्यूले एकीकृत कानूनी सहायता सम्बन्धी नयाँ विधेयक तर्जुमा गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को सिद्धान्त स्वीकृतिको लागि प्रस्ताव पेश गर्ने निर्णय गर्नु भयो।

प्रस्तुत विधेयकमा नेपालको संविधानको धारा २० को उपधारा (१०) ले न्याय सम्बन्धी हक अन्तर्गत असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हकको प्रत्याभूत गरेको तथा एकीकृत कानूनी सहायता सम्बन्धी नीति, २०७६ जारी भएको सन्दर्भमा संविधानको भावना अनुरुप निःशुल्क कानूनी सहायता प्राप्त गर्ने असमर्थ पक्षको दायरा फराकिलो बनाउन तथा न्यायिक निकायमा मात्रै सिमित कानूनी सहायतालाई अर्धन्यायिक निकायमा समेत विस्तार गरी नेपालको संघीय शासन प्रणाली बमोजिम संघ, प्रदेश र स्थानीय तहबीच समन्वयात्मक रुपमा कानूनी सहायतालाई प्रभावकारी बनाउन कानूनी सहायता सम्बन्धी ऐन, २०५४ खारेज गरी नयाँ एकीकृत कानूनी व्यवस्था गर्ने उद्देश्य रहेको छ।

पदभार ग्रहण गरे लगत्तै मन्त्रालयका कर्मचारीसँग परिचयात्मक मन्तव्यको क्रममा माननीय मन्त्रीज्यूले नेपालको संविधान तथा संघीयता कार्यान्वयनको लागि आवश्यक पर्ने कानूनहरू निर्माण गर्ने तथा मुलुकको विकास निर्माणमा सहयोग पुग्ने गरी कानून निर्माणमा जोड दिनु भयो। साथै उहाँले न्यायमा पहुँच अभिवृद्धिका लागि कानूनी सचेतनामूलक कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न तथा मन्त्रालयको समग्र कामकारबाहीलाई व्यवस्थित बनाउन आवश्यक कार्ययोजनाका साथ अगाडि बढ्ने प्रतिबद्धता समेत व्यक्त गर्नु भयो।

मिति २०८०।११।२३

(लोकहरि बस्याल)

सहप्रवक्ता

फोनः ०१-४२००२२५, ४२११९७४, ४२११९८७, फ्याक्स नं.: ०१-४२११६८४, इमेलः infolaw@moljpa.gov.np